**शुक्लाफाँटा नगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः २** **मितिः २०८३/०२/१३**

**भाग – २**

**शुक्लाफाँटा नगरपालिका**

## शुक्लाफाँटा नगरपालिका सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा संरक्षण कार्यविधि – २०८३

स्वीकृत मिति २०८३ ।०२ ।११

**प्रस्तावना :** शुक्लाफाँटा नगरपालिकाको भौगोलिक सिमाना भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुलाई संरक्षण सम्वर्धन गरि अतिक्रमण हुन बाट जोगाउन तथा प्राकृतिक सौन्दर्यलाई जीवित राख्न, यस शुक्लाफाँटा नगरपालिका भित्र रहेका नदी, खोला, नाला, कुलो, पैनी, प्राकृतिक ताल तलैया, सिमसार क्षेत्र, गौचरण क्षेत्र, खानि तथा खनिज क्षेत्र, नदी बगर क्षेत्र, नदी उकास क्षेत्र पानिघाट, गोरेटो, घोरेटो, सडक अधिकार क्षेत्र, विद्यालय, मठमन्दिर, खेलकुद मैदान, मसानघाट, चिहान घाट, तथा जग्गा नापजाँच ऐन, २०१६ को दफा २ को खण्ड ङ , च , (च१) ले सार्वजनिक तथा सरकारी र सामुदायिक जग्गा भनि परिभाषित गरिएको जग्गालाई संरक्षण सम्वर्धन गर्ने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) बमोजिमको काम कर्तव्य र अधिकार कार्यान्वयनका लागि शुक्लाफाँटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरि शुक्लाफाँटा नगर कार्यपालिकाले यो शुक्लाफाँटा नगरपालिका सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा संरक्षण कार्यविधि – २०८३ बनाई लागु गरिएको हो।

## परिच्छेद – १ परिभाषा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** – **यस कार्यविधिको नाम – (क)** "शुक्लाफाँटा नगरपालिका सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा संरक्षण कार्यविधि" – २०८३ रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा –** वियष वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(१) **"सरकारी जग्गा"** – भन्नाले नेपाल सरकारको हक ,स्वामित्व , नियन्त्रण वा अधिनमा रहेका देहायका जग्गा सम्झनु पर्दछ।

(क) सरकारी घर , भवन वा जग्गा ,

(ख) सडक, बाटो वा रेलवे ,

(ग) वन, जंगल वा वन जंगलमा रहेका रुख, बुट्यान ,

(घ) नदी, खोला ,नाला , ताल , पोखरी तथा सोको डिल ,

(ङ) नहर, कुलो वा ऐलानी वा प्रति जग्गा ,

(च) खानी वा खनिज पदार्थ

(छ) भिर, पहरा, डगर , वगर , सार्वजनिक बगौचा

(ज) सार्वजनिक , सामुदायिक , सामुदायिक गुठी वा कुनै व्यक्तीका नाममा रहेको निजी जग्गा बाहेकको अन्य जग्गा।

२. **"सार्वजनिक जग्गा"** – भन्नाले सार्वजिक प्रयोजनका लागि रहेका देहायका जग्गा सम्झनु पर्छ। (क) परापूर्व कालदेखि रहेको घर, जग्गा, ढल वा बाटो,

(ख) कुवा, पँधेरो, पानिघाट, ईनार, पोखरी तथा सोको डिल ,

(ग) गाई वस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्तेष्टी स्थल, चिहान , मसानघाट , समाधिस्थल , कब्रिस्थल रहेको जग्गा ,

(घ) पाटी, पौवा , देवल , धार्मिक उपासना स्थल , स्मार्क, मठ , मन्दिर , चैत्य , गुम्बा , स्तुप , मस्जित , ईदगाहा , कब्रगाहा , गिरजाघर , चोक , डबली , चौतारी वा सो रहेको जग्गा ,

(ङ) हाट ,मेला सार्वजिक रुपमा मनोरंजन गर्ने वा खेलकुद गर्ने ठाउ रहेको जग्गा ,

(च) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरि सार्वजिनिक जग्गा भनि तोकेको अन्य जग्गा।

**३. "सामुदायिक जग्गा"-** भन्नाले कुनै समुदायले आफ्नो प्रयोजनको लागि राखेको जग्गा वा त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वोमा रहेको अन्य जग्गा सम्झनु पर्छ **।**

**४. "कित्ता नापी नक्सा" –** नेपाल सरकार द्धारा २०५२ सालमा कंचनपुर जिल्लाको नापजाँच सुरुवात गरि पुनः नापी गरि लागु गरिएको नक्सालाई कित्ता नापी नक्सा भनि बुझनु पर्दछ।

**५. "अती जोखिम"** - पक्की तटबन्ध नभएको, भिरालो, दलदल क्षेत्र, खोला , नाला र तालहरुको निकास सो नदीमा मिसिई दोभान बनेका क्षेत्रलाई अती जोखिम क्षेत्र भनि बुझनु पर्दछ।

**६. "मध्यम जोखिम"** - **.** सामान्य रुपको जोखिमा रहेका बृक्षारोपण भएका र कच्ची तथा जैविक तटबन्ध भएका क्षेत्रहरु लाई मध्यम जोखिम क्षेत्र भनि बुझनु पर्दछ।

**७. "न्यून जोखिम"** - **.** न्यून रुपको जोखिम रहेका, बृक्षारोपण भएका र स्थायी प्रकृतिका तटबन्ध ,पक्की तटबन्ध भएका क्षेत्रहरुमा लाई न्यून जोखिम क्षेत्र भनि बुझनु पर्दछ।

## परिच्छेद - २ मापदण्ड तथा क्षेत्राधिकार

**३. शुक्लाफाँटा नगरपालिका भित्र रहेको सरकारी, सार्वजनिक, र सामुदायिक जग्गाको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ।**

क) शुक्लाफाँटा नगरपालिका भित्र रहेका सरकारी, सार्वजनिक र सामुदायिक जग्गा यस कार्यविधिको दफा २ को खण्ड १ खण्ड २ र खण्ड ३ ले पारिभाषित गरेका जग्गाहरु संरक्षण गर्न कित्ता नापी नक्सामा नक्सांकन भई फिल्डबुक कायम भएको वा कुनै कार्यालयको नाममा जग्गा धनि प्रमाण पूर्जा प्राप्त भएको भए सोही अनुसार तोकेका जग्गाहरुलाई कित्ता नापी नक्सा र जग्गाधनि प्रमाण पूर्जा वा फिल्डबुक का आधारमा रेखाँकन तथा सिमांकन गरि संरक्षण गर्ने।

ख) शुक्लाफाँटा नगरपालिका भित्र रहेका नगर स्तरीय तथा वडा स्तरिय सडकहरुको चौडाई सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण कार्यविधि, २०७६ बमोजिम लागु गर्ने।

ग) शुक्लाफाँटा नगरपालिकाको क्षेत्रभित्र पर्ने महेन्द्रराजमार्ग र कलुवापुर बेलौरी राजमार्ग को सडक अधिकार क्षेत्र नेपाल सरकारले तोके बमोजिमको हुनेछ।

**४. नदी, खोला र नालाको मापदण्ड तथा आधारहरु  निम्नानुसार हुनेछन।**

**(क)** सुनबरा नदी , स्याली नदी र वनहरा  नदी का मुहान उत्तर चुरे क्षेत्र देखि शुक्लाफाँटा नगरपालिकाको दक्षिण भौगोलिक सिमाना, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सम्मको क्षेत्र सम्म यो मापण्ड लागु हुनेछ।

**ख)** सुनबरा नदी , स्याली नदी र वनहरा नदीको मापदण्ड लागु गर्दा कित्ता नापी नक्सामा कायम रहेको नदी किनारा र हाल नदी ले कटान गरी बचेको नदी किनारा को उचाई लाई आधार मानि तीन तहको मापदण्ड लागु गर्ने।

**ख(१). सुनबरा, स्याली र वनहरा नदी र यी नदीहरुका सहायक नदीहरुको अति जोखिम क्षेत्र –** वनहरा  नदी, सुनबरा नदी र स्याली नदी को चुरे मुहान देखि वडा नं. १२ को अन्तिम सिमाना दोदा नदी भनि चिनिने स्थान सम्म पक्की तटबन्ध नभएको, भिरालो ,दलदल क्षेत्र  , खोला , नाला र तालहरुको निकास सो नदीमा मिसिई दोभान बनेका क्षेत्र मा वनहरा नदीको चौडाई को मापण्ड कित्ता नापी नक्सामा रहेको नदी किनारा वा हाल नदीले वर्षातको समयमा तय गरेको अन्तिम किनारा बाट न्यूनतम २० मिटर छोडी क्षेत्राधिकार कायम गरि नदी संरक्षण गर्ने।

**ख(२) – सुनबरा , स्याली र वनहरा नदी र यी नदी हरुका सहायक नदीहरुको मध्यम जोखिम क्षेत्र –** सुनबरा  नदी , वनहरा नदी , स्याली नदीको उत्तर चुरे सिमाना देखि दक्षीण शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सम्मको क्षेत्रमा सामान्य रुपको जोखिम रहेका बृक्षारोपण भएका र कच्ची तथा जैविक तटबन्ध भएका क्षेत्रहरुमा कित्ता नापी नक्सामा रहेको नदी को किनारा र बर्षातको समयमा नदीले तय गरेको किनारा देखि न्यूनतम १५ मिटर छोडी क्षेत्रधिकार कायम गरि नदी संरक्षण गर्ने।

**ख(३) – सुनबरा , स्याली र वनहरा नदी र यी नदीहरुका सहायक नदीहरुको न्यून जोखिम क्षेत्र –** सुनबरा नदी , वनहरा नदी , स्याली नदीको उत्तर चुरे सिमाना देखि दक्षीण शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सम्मको क्षेत्रमा न्यून रुपको जोखिम रहेका, बृक्षारोपण भएका र स्थायी प्रकृतिका तटबन्ध पक्की तटबन्ध भएका क्षेत्रहरुमा कित्ता नापी नक्सामा रहेको नदी को किनारा र बर्षातको समयमा नदीले तय गरेको किनारा देखि न्यूनतम १० मिटर छोडी क्षेत्रधिकार कायम गरि नदी संरक्षण गर्ने।

**(ग)  अनौखि , धारापानी , टोटीखोला र  चितौरा खोलाको मापदण्ड तथा क्षेत्राधिकार** –

**ग(१)** अनौखि , धारापानी , टोटीखोला, पिपलाडी क्षेत्रको बुढि खोला चितौरा खोलाको कित्ता नापी नक्साको तोकेको खोला र हाल वर्षातको समयमा तय गरेको खोलाहरुको डिलबाट न्यूनतम १० मिटर देखी अधिकतम १५ मिटर मापदण्ड कायम गरी संरक्षण गर्ने।

**(घ)** शुक्लाफाँटा नगरपालिका भित्र रहेका नालाहरु का मुहान देखि खोलाको रुप नलिई न्यूनतम चौडाई मा नै बहाब बनाई राखेका झलारी क्षेत्रको बुढी नाला, चितौरा नाला , मताहा नाला, नाथ खल्लाको नाला , गणेशपुर चितौरा नाला लगायत शुक्लाफाँटा नगरपालिका क्षेत्रभित्र रहेका , नक्सामा रहेका वा ऐलानी / पर्ती जग्गामा रहेका सबै नालाहरु न्यूनतम चौडाई ५ मिटर देखि अधिकतम ७ मिटर वा नालाले बर्षातको समयमा ओगटेको चौडाई बराबर क्षेत्र कायम गरि संरक्षण गर्ने।

**परिच्छेद - ३ सरकारी सार्वजनिक र सामुदायिक जग्गाको संरक्षण**

**५. शुक्लाफाँटा नगरपालिका भित्र रहेको सरकारी, सार्वजनिक , र सामुदायिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउने व्यवस्था देहाय अनुसार हुनेछ।**

क) शुक्लाफाँटा नगरपालिका भित्र रहेको सरकारी, सार्वजनिक , र सामुदायिक जग्गा अतिक्रमण भएको जानकारी, गोप्य सूचना वा सम्वन्धित वडा बाट पत्रचार भई आएमा त्यस्ता अतिक्रमण हटाउन ७ (सात) दिनको सूचना टाँस गरि सम्वन्धित व्यक्ती बाटै अतिक्रमण तथा अवरोध हटाउन जानकारी गरिने छ।

ख) प्रथम पटकको ७ (सात) दिने सूचनामा अतिक्रमण नहटाई अटेर गरेमा अतिक्रमित व्यक्ती बाटै अतिक्रमित संरचना हटाउन लाग्ने सम्पूर्ण खर्च असूल उपर गराने गरी अख्तियारवाला कार्यालयले नेपाल सरकारको पत्रचार , समय समयमा जारी हुने सर्कुलर तथा यसै कार्यविधि लाई आधार मानि सरकारी , सार्वजनिक तथा सामुसायिक सम्पत्ती संरक्षण गर्ने

ग) शुक्लाफाँटा नगरपालिका भित्र रहेको सरकारी, सार्वजनिक, र सामुदायिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउने क्रममा खटिईएको डोर माथी हातपात गरेमा, यन्त्र उपकरण, सवारी साधन माथी तोडफोड , हानी नोक्सानी गरेमा त्यस्तो हानी नोक्सानी पुर्याउने व्यक्ती वा समूहलाई क्षेतीपूर्तीको मुल्यांकन गरी असूल उपर गराउने र नेपालको प्रचलित कानून अनुसार कारबाही गरिने छ।

**६. क**) शुक्लाफाँटा नगरपालिका भित्र रहेको सरकारी, सार्वजनिक , र सामुदायिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन र अतिक्रमण हटाउदा आएका विवाद समाधान गर्ने अन्तिम निर्णय लिने अधिकार कार्यापालिकालाई हुने छ।

## परिच्छेद – ५ विविध

**७. संसोधन गर्ने अधिकार** – यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन गर्नु पर्ने देखिएमा कार्यपालिकाको बैठकबाट बहुमतबाट निर्णय गराई संसोधन गर्नु पर्ने बुदा संसोधनका लागि कार्यपालिकाको बैठकमा पेश गरि संसोधन गर्न सकिनेछ।
८. कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै अस्पष्टता आएमा यसको बाँधा अडचन फुकाउने अधिकार नगरकार्यपालिका मा सुरक्षित रहनेछ।
९. कार्यविधिमा उल्लेखित प्रावधानहरु संविधान र प्रचलित कानून संग बाझिने गरि राखिएको पाईएमा बाँझिएको हद सम्म अमान्य हुनेछन।

**आज्ञाले,**

**खेम राज बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**